

**सरसफाई:** लहान नगरपालिकालाई खुल्ला दिसामुक्त क्षेत्रको रूपमा विकाश गर्न योगदान पुऱ्याउनका लागी यस सफा लहान परियोजनाले "समुदायको अगुवाइमा पूर्ण सरसफाई पद्दती" द्वारा सरसफाइ प्रवर्द्धन गर्ने योजना लिएको छ । यूम्स्ले परियोजना क्षेत्रमा सरसफाइ प्रवर्द्धन तथा शौचालय निर्माणका लागी नगरपालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिबाट अनुमोदित कार्यविधि अनुरूप कार्य गर्नेछ । यसका साथ साथै समुदायमा विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना तथा प्राविधिक सहयोग गरी सम्पूर्ण घर तथा विद्यालयहरूमा बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री शौचालय निर्माणमा सहयोग गर्ने र लहान नगरपालिका तथा नगरपालिका स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिसँग समन्वय गरी नगरपालिकालाई नै खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्न सहयोग पुऱ्याउनेछ ।

**स्वच्छता:** सरसफाइयुक्त समाजको निमार्णका लागि समुदायस्तरमा स्वच्छता सम्बन्धि विभिन्न जनचेतानामूलक कार्यक्रम जस्तैः तालिम, अवलोकन भ्रमण, गोष्ठी, सडक नाटक, ऱ्यालीहरू संचालन गर्ने योजना यस परियोजनाले लिएकोछ । समुदायको बानीव्यवहारमा परिवर्तन गर्न विशेषतः जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने, पानी शुद्धिकरण गरेर पिउने, घरेलु फोहरको उचित व्यवस्थापन गर्ने र अन्य घरायसी तथा वातावरणीय सरसफाइका विषयमा स्वच्छताका कार्यक्रम संचालन गरिनेछ ।




**क्षमता अभिवृद्धि:** यूम्स्ले विभिन्न तालिम, गोष्ठि, सिकाइ अदानप्रदान, अवलोकन भ्रमण आयोजना गरि उपभोक्ता समिति, समुदाय, स्थानिय निकाय तथा अन्य सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने लक्ष्य लिएको छ ।



**जनवकालत:** खानेपानी, सरसफाइ तथा स्वच्छतामा नागरिकको पहुँच, अधिकार तथा सु-शासनको सुनिश्चताका लागि सरोकारवालाहरूको क्षमता अभिबृद्धि, सेवा सुविधा बिस्तार, नागरिक सचेतनाका विभिन्न पैरवी तथा जनवकालत गरिनेछ । यसले आवश्यक नीति र अभ्यासका लागि सेवा प्रदायकहरूलाई अधिक जवाफदेहि बनाउन सहयोग गरिनेछ ।

## परियोजनाको कार्य अवधि:

यस परियोजनाको अवधि ५ वर्ष रहनेछ र परियोजना अन्तर्गत सुविधा विस्तार, क्षमता अभिवृद्धि, पैरवी र जनवकालतका कार्यक्रमहरू संचालन गरिनेछ ।

### थप जानकारीको लागि

**शहरी वातावरण व्यवस्थापन समाज (यूम्स)**

**फिल्ड कार्यालय**
कृष्ण टोल, लहान नगरपालिका-१, सिरहा
फोन नं. ०३३ ५६२३९८

**केन्द्रिय कार्यालय**
प्रयागपोखरी, ललितपुर उपमहानगरपालिका
फोन नं.९७७ ०१ ५५३४७९८,फ्याक्स नं ०१ ५५२३३२८
पोष्ट बक्स नं २७१, ललितपुर नेपाल
E-mail: uems@wlink.com.np, Website: www.uems.org.np
www.facebook.com/uemsnepal

**प्रकाशन सहयोग**
WaterAid

# सफा लहान परियोजना

## लहानमा सबैका लागी सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता परियोजना



शहरी वातावरण व्यवस्थापन समाज
Urban Environment Management Society

## पृष्ठभूमि

सिरहा जिल्लाको पूर्वी भाग तथा पूर्व पश्चिम राजमार्गमा पर्ने लहान नगरपालिका वि.स. २०३२ सालमा लहान बजार, लहान गोठ र सिगराही मटीयार्वा गा.वि.स.हरू मिलेर बनेको नगरपालिका हो । यस नगरपालिकाको क्षेत्रफल १८.३५ वर्ग कि.मि. रहेको छ र यहाँ १० वटा वडाहरू रहेका छन् । शहरी वातावरण व्यवस्थापन समाज(यूम्स्)ले सन् २०१३ सालमा गरेको प्रारम्भिक अध्ययन अनुसार कुल ३२,०४२ जनसंख्या रहेको यस नगरपालिकामा जम्मा ५,९९८ घरधुरी रहेको छ । यस नगरपलिकामा १२.६% घरधुरी अत्ति गरीब, २१.७% घरधुरी गरीब, २६.८% घरधुरी निम्न मध्यम बर्गीय, ३४.८% घरधुरी मध्यम बर्गीय र ४.१% घरधुरी धनी छन् । जातजातिको हिसाबले २१.३% घरधुरी दलित, २१.१% घरधुरी जनजाति, ११.२% घरधुरी मुस्लिम, ५% ब्राह्मन, क्षेत्री र ४१.४% अन्य वर्गका रहेका छन् ।

## लहान नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था

लहान नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था निकै नाजुक तथा चुनौतीपूर्ण रहेको छ । शहरी वातावरण व्यवस्थापन समाज(यूम्स्)ले सन् २०१३ सालमा गरेको प्रारम्भिक अध्ययन अनुसार यस नगरपालिकाको कुल घरधुरीको १९.५% घरधुरीले मात्र धाराको पानी प्रयोग गर्छन् भने ६९.५% घरधुरी ट्युबवेलमा निर्भर छन् । त्यस्तै ९% घरधुरी सार्वजनिक धारामा निर्भर छन् । यसैगरी कुल घरधुरीको ५०% घरधुरीमा मात्र शौचालयको व्यवस्था छ भने बाँकी ५०% घरधुरीका मानिसहरू शौचालयको अभावमा खुल्ला ठाउँमा दिशापिसाब गर्न बाध्य छन् ।



यस्तै ३०.९% घरधुरीका मानिसमात्र खाना खानु अघि साबुनपानीले हात धुने गर्छन् भने ३५% घरधुरीका मानिस आफ्नो बच्चाको दिशा सफा गरेपछि साबुनपानीले हात धुने गर्छन् । घरेलुस्तरमा पानी शुद्धिकरण गर्ने विधी अपनाउने घरधुरी १३% मात्र रहेको छन् । आइरन युक्त पानी यस नगरपालिकामा एक प्रमुख चुनौतीको रूपमा रहेको छ । सुरक्षित खानेपानीको अभाव तथा सरसफाइमा सुविधाको कमिले गर्दा पानीजन्य रोग तथा सरसफाइको कमिले हुने रोगका विरामी यस नगरपालिकामा बढ्दो अवस्थामा रहेको छ ।

यिनै अवस्थालाई मध्यनजर गरी शहरी वातावरण व्यवस्थापन समाज (यूम्स्)ले वि.सं. २०७१ साल देखि लहानमा सबैका लागी सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता परियोजना (सफा लहान परियोजना) सञ्चालन गर्दै आएको छ ।

## परियोजनाको उद्धेश्य

१) खानेपानी, सरसफाइ तथा स्वच्छता अधिकारबारे बुझ्न समुदायहरूलाई सहयोग गर्ने ।

२) गरीब र पछाडी पारिएका समुदायमा सुरक्षित तथा समावेशी खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्ने ।

३) गरीब र पछाडी पारिएका समुदायमा सुधारिएको तथा समावेशी सरसफाइ सुविधाको पहुँचमा वृद्धि गर्ने ।

४) स्वच्छता सम्बन्धि बानी व्यवहारमा दिगो परिवर्तन ल्याउन समुदायहरूको ज्ञान तथा सीप अभिवृद्धि गर्ने ।

५) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाहरूको व्यवस्थापन तथा निर्णय प्रकृयामा समुदायको प्रभावकारी सहभागिताको लागी सहयोग गर्ने ।

६) परियोजनाले नसमेटेका समुदायहरूमा खानेपानी तथा सरसफाइ सेवाहरूमा पहुँच वृद्धि गर्न नगरपालिका तथा अन्य सरोकारवालाहरूको क्षमता वृद्धि गर्ने ।

७) खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थामा सुधार ल्याउन स्थानिय तहमा रहेका स्वास्थ्य, शिक्षा क्षेत्रसँग समन्वय गर्ने ।

८) खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धि सु-शासन र पहुँच वृद्धिका लागि पैरवी र जनवकालत गर्ने ।

## कार्यशैली

सफा लहान परियोजना वि.सं. २०७१ साल देखि सिरहा जिल्लाको लहान नगरपालिकामा तराई दलितहरूलाई केन्द्रित गरि सञ्चालन भैरहेको छ । लहान नगरपालिका स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिबाट अनुमोदन भए अनुसार पहिलो वर्ष लहान नगरपालिकाको वडा नं २ र ९ मा एकिकृत खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम संचालन गरिनेछ भने दोस्रो वर्ष देखि सरसफाईमा पछाडि परेका अरू वडाहरूमा कार्यक्रम बिस्तार गर्दै लगिनेछ । परियोजना कार्यान्वयनका लागि लहान नगरपालिका, नेपाल खानेपानी संस्थान र अन्य सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ । कार्यक्रम कार्यान्वयन गर्दा लैंगिक समानता तथा समावेशीकरण, पिछडा वर्ग, शारीरिक अशक्त, तराई दलित तथा विपन्न समुदायलाई प्राथमिकता दिइनेछ । स्थानिय समुदायको स्वास्थ्य र जिविकोपार्जनलाई प्राथमिकतामा राखेर खानेपानी, सरसफाइ र स्वच्छता परियोजना कार्यान्वयन गरिनेछ । यस परियोजनाका लागि आवश्यक आर्थिक सहयोग वाटरएड नेपाल, लहान नगरपालिका, नेपाल खानेपानी संस्थान र स्थानिय समुदायबाट जुटाइनेछ ।

## प्रमुख कार्यहरू

**खानेपानी:** लहान नगरपालिकाका अधिकांश घरधुरी भूमिगत पानीका स्रोतहरू जस्तै ट्युबवेल, इनार आदिमा निर्भर छन् । यूम्स्ले २०७० सालमा समुदायसँगको अर्न्तक्रियामा आधारित खानेपानीको अवस्था विश्लेषण गर्दा लहान नगरपालिकामा भूमिगत पानीको सतह घट्दै गइरहेको र प्रायजसो ट्युबवेलको पानीमा आइरन, गन्ध तथा धमिलोपना रहेकोमा ट्युबवेल जडान खर्चिलो, असुरक्षित र दिगो नहुने देखिन्छ । यिनै कुरालाई मध्यनजर गरि यस सफा लहान परियोजनाले लहान नगरपालिकाको वडा नं २ र ९ मा नेपाल खानेपानी संस्थानको खानेपानी वितरण प्रणाली विस्तार गर्ने योजना राखेको छ । यस कार्यको लागी लहान नगरपालिका, नेपाल खानेपानी संस्थान तथा समुदायहरूसँग समन्वय तथा सहकार्य गरिनेछ । त्यस्तै परियोजना क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरूमा पनि सुरक्षित खानेपानीको पहुँच पुऱ्याउने लक्ष्य रहेको छ । यसका साथै परियोजना क्षेत्र भित्र विभिन्न तालिम तथा जनचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने योजना पनि रहेको छ ।